नगर प्रमुखः ०९१-५६०३८०
प्रमुख प्रशासकीय अधिकृतः ०९१-५६०११८
राजस्व उपशाखाः ०९१-५६०८८३

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**टीकापुर, कैलाली सुदुरपश्चिम प्रदेश, नेपाल**

**(प्रथम पटक प्रकाशित मिति : २०८१।०४।१५ गते)**

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको टी.न.पा.-१, ब्लक नं.A स्थित नगर कार्यपालिकाको कार्यालय परिसरमा रहेको सपिङ्ग कम्प्लेक्स भवनका कोठा (सटर कवल) हरु २ वर्षको लागि बढाबढ प्रक्रियाद्वारा बहालमा लगाउनुपर्ने भएकोले ईच्छुक फर्म/संस्थाहरुले तपसिलमा उल्लेखित सर्तहरुको अधिनमा रही रितपूर्वक बोलपत्र प्रस्ताव पेश गर्नका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| सि. नं. | सूचना नं. | ठेक्काको नाम | न्यूनतम ठेक्का रकम प्रति कोठा (रु.) | | | बोलपत्र फाराम दस्तुर/ठेक्का अवधि र धरौटी रकम |
|---|---|---|---|---|---|---|
| | | | न्यूनतम मासिक भाडा दर | दुई वर्षको जम्मा भाडा (अंकमा) | दुई वर्षको जम्मा भाडा (अक्षरमा) | |
| १ | ०१/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५२ | ८५५५.०० | २०५३२०.०० | दुई लाख पाँच हजार तीन सय बिस मात्र | बोलपत्र फाराम दस्तुर : प्रति ठेक्का रु.३,०००।- |
| २ | ०२/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५३ | ३२५११.०० | ७८०२६४.०० | सात लाख असी हजार दुई सय चौसठ्ठी मात्र | |
| ३ | ०३/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५५ | २०५००.०० | ४९२०००.०० | चार लाख बयानब्बे हजार मात्र | |
| ४ | ०४/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५६ | २०६२१.०० | ४९४९०४.०० | चार लाख चौरानब्बे हजार नौ सय चार मात्र | ठेक्का अवधि : २ वर्ष (२०८१ भाद्र १ गते देखि २०८३ श्रावण मसान्त सम्म) |
| ५ | ०५/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५७ | २८९९९.०० | ६९५९७६.०० | छ लाख पन्चानब्बे हजार नौ सय छयहत्तर मात्र | |
| ६ | ०६/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५८ | २७९९९.०० | ६७१९७६.०० | छ लाख एकहत्तर हजार नौ सय छयहत्तर मात्र | |
| ७ | ०७/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५९ | २७९९९.०० | ६७१९७६.०० | छ लाख एकहत्तर हजार नौ सय छयहत्तर मात्र | |
| ८ | ०८/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.६० | २०५७०.०० | ४९३६८०.०० | चार लाख त्रियानब्बे हजार छ सय असी मात्र | |
| ९ | ०९/२०८१/८२ | उत्तरतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.६१ | २१०००.०० | ५०४०००.०० | पाँच लाख चार हजार मात्र | धरौटी : दुई वर्षको जम्मा कबोल अंकको ५% |
| १० | १०/२०८१/८२ | दक्षिणतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.२० | ७०००.०० | १६८०००.०० | एक लाख अठसठ्ठी हजार मात्र | |
| ११ | ११/२०८१/८२ | पश्चिमतर्फको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.३० | १००१०.०० | २४०२४०.०० | दुई लाख चालिस हजार दुई सय चालिस मात्र | |

**सर्तहरु :**

१. बोलपत्र प्रस्ताव पेश गर्न इच्छुक फर्म वा संस्थाले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति २०८१।०४।२९गते) कार्यालय समयसम्म यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजश्व उपशाखामा बोलपत्र फाराम दस्तुर वापतको रु.३,०००।- (पछि फिर्ता नहुने गरी) बुझाई बोलपत्र फाराम खरिद गरी १६औं दिन (मिति २०८१।०४।३० गते) दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ। उक्त बोलपत्र प्रस्तावहरु सोही दिन दिनको २:००



प्रमुख प्रशासकीय अधिकृत

बजेदेखि बोलपत्रदाता र टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन

२. बोलपत्र फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा त्यसको लगत्तै कार्यालय खुल्ने दिन बोलपत्र दाखिला गर्न र खोल्न सकिनेछ ।

३. बोलपत्र फाराम खरिद गर्दा फर्म/संस्थाको प्रोप्राइटर वा कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म/संस्थाको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८०/८१ वा पछिल्लो अवधिसम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, फर्मको हकमा नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायका साथै वडा कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, संस्थाको हकमा सम्बन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै टीकापुर नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनु पर्नेछ । बाँकीबक्यौता रहेको फर्म वा संस्थाले यस ठेक्का प्रक्रियामा भाग लिन पाउने छैन ।

४. बोलपत्र फारामको शिलबन्दी खाम बाहिर यस कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सूचना नं. र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी बोलपत्रदाताको नाम र ठेगाना पनि उल्लेख गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले पेश गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. बोलपत्रदाताले बोलपत्र पेश गर्दा आफुले कबोल गरेको मासिक भाडा रकमको दरले २ वर्षको हुने जम्मा भाडा रकमको ५ प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड, टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले जारी गरेको ९० (नब्बे) दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न गर्नु पर्नेछ । साथै बहाल सम्झौता गर्दाको बखत ३ महिनाको बहाल रकम बराबरको धरौटी रकम बुझाउनु पर्नेछ ।

७. एउटा फर्म वा संस्थाको नामबाट खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।

८. पेश भएको बोलपत्र प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. बहाल रकम मासिक रुपमा बुझाउनु पर्नेछ । अग्रिम बुझाएमा प्राप्त हुने छुट तथा ढिलो बुझाएमा लाग्ने जरिवाना टीकापुर नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ सो बाहेक अन्य कुनै पनि किसिमको छुट तथा मिनाहा पाईने छैन ।

१०. म्याद नाघी आएको, रित नपुगेको, सर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. सटर कवलमा कुनै प्रकारको हानिनोक्सानी गर्न पाइने छैन । हानिनोक्सानी भएमा त्यसको क्षतिपूर्ति स्वयं बहालमा लिनेले व्यहोर्ने तथा मर्मत संभार गर्नु पर्नेछ ।

१२. दोश्रो पक्षले सटर कवलमा हार्डवेयर (छड र सिमेन्टको), सिसा सम्बन्धी मालसामानको व्यवसाय संचालन गर्न साथै मदिरा तथा सुर्तीजन्य पदार्थ, प्रज्वलनशिल पदार्थको र प्रचलित कानुनद्वारा निषेधित गरिएका सामानहरुको व्यवसाय संचालन गरि विक्रि वितरण गर्न पाईने छैन ।

१३. फर्मको हकमा आफुले प्राप्त गरेको कोठा कुनै पनि अवस्थामा अर्को व्यक्ति/फर्म/संस्थालाई दिन पाईने छैन तर संस्थाको हकमा भने कबोल गरे बमोजिमको भाडा र नियमानुसार लाग्ने अन्य रकम बोलपत्रदाता संस्थाले नै यस कार्यालयलाई बुझाउने गरी अर्को व्यक्ति/फर्म/संस्थालाई दिन सक्नेछ ।

१४. अन्य कुराहरु बहाल सम्झौतामा उल्लेख भए बमोजिम र प्रचलित ऐन, कानुन तथा टीकापुर नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

१५. यस सम्वन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व उपशाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत



Website : www.tikapurmun.gov.np Email : tikapurmun@gmail.com